बरहथवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बरहथवा, सर्लाही

मधेश प्रदेश, नेपाल

## बरहथवा नगरपालिकाको उद्यमशिलता विकास कार्यक्रम संचालन एवं व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२

बरहथवा नगरपालिका अन्तर्गतका गरीब तथा सीमान्तकृत समुदायका वेरोजगार नागरिक तथा वैदेशिक रोजगारीबाट फर्केका श्रम गर्ने संस्कार बोकेका र सीप तथा थोरै पुंजी समेत भएका युवाहरुलाई लक्षित गरी नवीनतम र परम्परागत प्रविधिको उपयोग गर्नसक्ने उद्यमशील जनशक्तिको पहिचान गरी उद्यमशिलता विकास, पुंजी र प्रविधिमा गरीव तथा सीमान्तकृत समुदायको पहुँच अभिवृद्धि गर्न आवाश्यक भएकोले बरहथवा नगरपालिका, नगर कार्यपालिकाको बैठकले स्टार्टप कर्जा प्रवाह, असूली तथा व्यवस्थापन गर्न **"बरहथवा नगरपालिकाको उद्यमशिलता विकास कार्यक्रम संचालन एवं व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२"** स्वीकृत गरी लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम **"बरहथवा नगरपालिकाको उद्यमशिलता विकास कार्यक्रम संचालन एवं व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२"** रहेको छ । यो कार्यविधि वरहथवा नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उद्यम" भन्नाले दफा ३ बमोजिमको योग्यता पुगेका व्यवयास, उद्योग, फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ख) "कर्जा" भन्नाले स्टार्टअप उद्यमको लागि दफा ११ बमोजिमको सूचकको आधारमा छनौट भएका उद्यमी, व्यवसायी लाइ प्रदान गरिने स्टार्टअप कर्जा सम्झनु पर्छ ।

(ग) "सेवा केन्द्र" भन्नाले वरहथवा नगरपालिका अन्तर्गतको रोजगार सेवा केन्द्र सम्झनु पर्छ ।

(घ) "सहकारी" भन्नाले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने जिम्मेवारी तोकिएको सहकारी संस्था सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले वरहथवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ९ बमोजिमको **स्टार्टप उद्यम छनौट समिति** सम्झनु पर्छ ।"स्टार्टअप उद्यम" भन्नाले वस्तु, सेवा र प्रकियाको विकास, उत्पादन, संचालन र विवरणमा नवीन अन्वेषण, एवम् सिर्जनशील सोचको प्रयोग गरी व्यवसायको रुपमा संचालन भएका र स्तरोन्नतिको सम्भावना रहेको उद्यमलाई स्टार्टअप उद्यम सम्भनुपर्छ र सो शब्दले सूचना प्रविधिको उपयोग एवम् सिर्जनशील सोचको प्रयोग भएको उद्यम वा व्यवसाय लाई समेत [illegible]उँछ ।

२. **स्टार्टअप उद्यमका क्षेत्रः स्टार्टअप** उद्यमका क्षेत्र दफा १० बमोजिम हुनेछ ।

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

३. **स्टार्टअप उद्यमको योग्यता:** (२) यस कार्यविधि बमोजिम कर्जा प्राप्त गर्न देहाय बमोजिमका योग्यता पुरा गरेका उद्यमी योग्य हुनेछन् ।

(क) बरहथवा नगरपालिका स्थायी ठेगाना भएका नागरिक,

(ख) उद्यम व्यवसाय दर्ता सरकारी निकायमा भएको

(ग) स्थानीय स्रोत र साधनको प्रयोग बाट संचालित व्यवसाय जस्तै बरहथवा नगरपालिका अन्तर्गत तरकारी तथा फलफुल खेति गर्ने किसान, माछामासु उत्पादनको क्षेत्रमा काम गर्ने उद्यमी किसान, दुग्ध उत्पादन, दुग्ध चिस्यान केन्द्र डेरी प्रोडक्टको क्षेत्रमा काम गर्ने उद्यमी व्यवसायी, खेर गएको वस्तुमा अधारित उद्यम, व्यवसाय,

(घ) गार्मेन्ट उत्पादन, विद्यार्थीको पोषाक तयारी गर्ने व्यवसाय, कपडाको झोला तयारी गर्ने उद्योग, व्यवसाय, कपडा सिलाइ गर्ने टेलर्स, सिरक, डसना तयारी गर्ने व्यवसाय, गलैंचा तयारी गर्ने व्यवसाय, व्यवसायिक रुपमा पराल वा अन्य स्थानीय कच्चा पदार्थमा आधारित सुकुल (पटिया). चकटी, कुसन जस्ता सामाग्री उत्पादन गर्ने व्यवसाय ।

(ङ) बैदेशिक रोजगारीवाट फर्केका र बरहथवा नगरपालिका अन्तर्गत प्राइभेट फर्म, साझेदारी फर्म, कम्पनी व्यवसाय वा उद्योग दर्ता गर्ने निकायमा दर्ता गरी उद्यम व्यवसाय गर्न प्रारम्भ गरेका उद्यमीलाई विशेष प्राथमिकता दिइनेछ ।

(च) नवीन एवम् सिर्जनशील सोचलाई उद्यम व्यवसायको रूपमा रूपान्तरण गरी व्यवसाय वृद्धिको सम्भावना भएको ।

दफा ३ को (ग) र (घ) मा उल्लिखित उद्यम व्यवसायको हकमा आ.व. २०८२।०८३ को कार्यक्रमबाट सटार्टअप कर्जा प्रवाह गर्न विशेष प्राथमिकता दिइनेछ ।

४. स्टार्टअप उद्यम कर्जा पाउन अयोग्यता: कार्यविधि वमोजिम कर्जा प्रवाह गर्ने प्रयोजनका लागि देहायका उद्यमलाई स्टार्टअप उद्यम मानिने छैन: -

(क) प्रचलित कानून वमोजिम उद्योग वा व्यवसायको रुपमा दर्ता नभएको,

(ख) वस्तु वा सेवा विदेशवाट आयात गरी बिक्री वितरण गर्ने गरेको,

(ग) प्रचलित कानून वमोजिम कालोसूचीमा परेको,

(घ) कर्जा माँगका लागि तोकिएको अवधि भित्र रितपूर्वक आवेदन पेश नगरेको,

५. स्टार्टअप कर्जा प्राप्त गर्ने सेवाग्राहीका लागि कर्जाको म्याद बढिमा २.५ वर्ष हुनेछ ।

६. स्टार्टअप कर्जा प्रवाह गर्न बरहथवा नगरपालिकाले देहायका योग्यता पुरा भएका सहकारी संस्थाहरु मध्ये तपसिल वमोजिमको सूचकको आधारमा स्टार्टअप कर्जा लगानी तथा असुल उपर गर्न १ (एक) सहकारी संस्था छनौट गर्नेछ । उक्त सहकारी संस्था छनौटका लागि मूल्यांकनका आधारहरु देहाय वमोजिम हुनेछन् । प्रथम पटक छनौट भएका सहकारी संस्थाको सम्झौताको म्याद ५ वर्षका लागि



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

हुनेछ। आर्थिक वर्ष २०८२/०८३ देखि २०८६/०८७ (५ वर्ष) अवधिमा दुई पटक लाभग्राही छनौट गरि कर्जा प्रवाह तथा असूल उपर गर्नुपर्ने छ। यस कार्यक्रमका लागि बरहथवा नगरपालिकामा थप अनुदान प्राप्त भएमा प्रथम पटक छनौट भएका सहकारीलाइ कार्यसम्पादनका आधारमा थप स्टार्टअप कर्जा लगानी गर्न प्रोत्साहन गर्न सकिने छ। प्रथम पटक छनौट भएका सहकारी संस्थाले सम्झौता गर्न आउदा ६ (छौ) वर्ष अवधि रहेको रु. १,००,००,०००/- (अक्षरेपी एक करोड) रुपैंया बराबरको बैंक ग्यारेन्टी पेश गरी सम्झौता गर्नुपर्ने छ।

तपसिल

| क्र.सं. | आधार सूचक | पूर्णाङ्क |
|---|---|---|
| १. | **बरहथवा नगरपालिका कार्यक्षेत्र भइ क्रियाशिल सहकारी संस्था भएको।** | |
| १.१ | (क) बरहथवा नगरपालिका कार्यक्षेत्र भएको सहकारी संस्था हुनुपर्ने छ। संस्थाको नविकरण भएको र संस्था क्रियाशिल भएको अवस्थामा न्यूनतम ७ अंक प्राप्त हुनेछ। | ७ |
| १.२ | १ वटा वडा भन्दा बढि वडा कार्यक्षेत्र भएको सहकारीको हकमा प्रति वडा २ अंकको दरले प्राप्ताङ्क प्रप्त हुनेछ। | ३४ |
| २. | **कर्जा लगानी तथा असूली** | |
| २.१ | (क) यस उद्यम विकास कार्यक्रमको उद्देस्य संग मेल खाने साना उद्यमी, किसान वा व्यवसायीलाइ विना धितो कर्जा लगानी गरेको र नियमित कर्जा असुल उपर गरेको प्रमाण पेश भएको आधारमा | ५ |
| ३. | **सहकारी संस्थाको कार्यालय व्यवस्थापन तथा संस्थाको पुँजी** | |
| ३.१ | सहकारी संस्थाको कार्यालय नियमित संचालन भएको | ५ |
| ३.२ | सहकारी संस्थामा कम्तीमा २ जना कर्मचारी नियमित कामकाज गरेको ( कर्मचारीको तलवी विवरण, कर चुक्ता, बैंक स्टेटमेन्ट कस्तीमा ६ महिनाको प्रमाणको आधारमा | १० |
| ३.३ | सहकारी संस्थाको चल वा अचल सम्पत्ती कम्तीमा १ करोड भएको आधार प्रमाण पेश भए ५ अंक प्राप्त हुनेछ। | ५ |
| ३.४ | २ देखि १० करोड सम्मको सम्पत्ती भएमा प्रति १ करोड बराबर थप १ अंक प्राप्त हुनेछ। | ९ |
| ३.५ | सहकारी संस्था कम्तीमा ५ वर्ष देखि संचालनमा रहेको हुनुपर्ने छ। | ५ |
| ३.६ | सहकारी संस्था दर्ता अवधि ५ वर्ष भन्दा बढि २० वर्ष सम्मको प्रतिवर्ष १ अंकको दरले प्राप्तांक प्राप्त हुनेछ | २० |
| | **कुल जम्मा पूर्णाङ्क १०० हुनेछ।** | **१००** |

७. सहकारी संस्था छनौटका लागि देहाय बमोजिमको पदाधिकारी रहने गरी ५ सदस्यीय छनौट समिति हुनेछ।

संयोजक: प्रमुख प्रशासकीय अधिकृत
सदस्य: आर्थिक प्रशासन शाखा प्रमुख (लेखा अधिकृत)
सदस्य: प्रशासन शाखा प्रमुख
सदस्य: कानूनी सल्लाहकार
सदस्य सचिव: रोजगार संयोजक

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner

**८. सहकारी संस्थाले प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजात प्रमाणहरु :**

(क) सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(ख) सहकारी संस्थाको नवीकरण भएको प्रमाण ।

(ग) सहकारी संस्थाको विधान वा विनियम (कार्यक्षेत्र देखिने प्रमाण) ।

(घ) सहकारी संस्थाको स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

(ङ) आ.व. २०८२/०८३ मा जारी भएको करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

(च) सहकारी संस्थाको कार्यक्षेत्र भएको वडाहरुको विवरण खुल्ने प्रमाण वा स्वघोषणा पत्र ।

(छ) उद्यम विकास कार्यक्रमको उद्धेस्य संग मेल खाने साना उद्यमी, किसान वा व्यवसायीलाइ सुलभ ब्याजदरमा विना धितो कर्जा लगानी गरेको र नियमित असुल उपर गरेको विवरण सहितको प्रमाण वा स्वघोषणा पत्र ।

(ज) सहकारी संस्थामा कार्यरत कम्तीमा २ जना कर्मचारीहरुको मिति २०८२ साल श्रावन १ गते देखि पुस मसान्त सम्म ६ महिनाको हाजिरी प्रमाणित, तलवी भर्पाइ, कर चुक्ताको प्रमाण (इटिडियस) तलब देखिने बैंक स्टेटमेन्ट ।

(झ) सहकारी संस्थाको चल वा अचल सम्पत्ती कम्तीमा १ करोड वा सो भन्दा बढि भएको प्रमाणको प्रमाणित प्रतिलिपी ।

(ञ) सहकारी संस्थाको विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी ।

(त) प्रस्ताव पेश गर्ने सम्वन्धमा सहकारी संस्थाको निर्णयको प्रमाणित प्रतिलिपी ।

(थ) वरहथवा नगरपालिकाको नाममा रु. ७५,००,०००/- (अक्षरेपी पचहत्तर लाख) को ३ प्रतिशतले हुने रकम रु. २,२५,०००/- (अक्षरेपी दुईलाख पच्चीस हजार मात्र) को ९० दिन अवधि भएको बैंक ग्यारेन्टीको सक्कल प्रति ।

९. दफा ६ मा उल्लिखित सूचकहरुको आधारमा सवैभन्दा बढि अंक प्राप्त गर्ने सहकारी संस्था स्टार्टअप कर्जा परिचालन गर्न छनौट हुनेछ । छनौटमा पर्ने सहकारी संस्थाका प्रतिनिधि सहित देहाय वमोजिमको पदाधिकारी रहने गरी ५ सदस्यीय **स्टार्टप उद्यम छनौट समिति** चयन हुनेछ ।

संयोजक : छनौटमा परेका सहकारी संस्थाका अध्यक्ष

सदस्य : वरहथवा नगरपालिकाका सामाजिक विकास समितिका संयोजक

सदस्य : छनौटमा परेका सहकारी संस्थाका ऋण समितिका संयोजक

सदस्य : वरहथवा नगरपालिकाका रोजगार संयोजक

सदस्य सचिव : छनौटमा परेका सहकारी संस्थाका व्यवस्थापक

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

१०. दफा ९ मा उल्लेखित समितिले आ.व. २०८२।०८३ का लागि संघीय विशेष अनुदानबाट स्वीकृत कार्यक्रम अन्तर्गत आ.व. २०८२।०८३ मा तपसिल बमोजिमको स्टार्टअप उद्यमको क्षेत्रमा व्यवयास छनौट गरी कर्जा प्रवाहका लागि सिफारिस गर्नेछ । व्यवसाय छनौटका आधारहरु दफा ११ बमोजिम हुनेछ ।

तपसिल

| क.सं | कार्यक्रम | इकाई | संख्या | दर | रकम |
|---|---|---|---|---|---|
| १. | रु १ लाख सम्मको आयोजना २० जना ( तरकारी खेती, फलफल खेती, नवप्रवर्तन मूलक कृषि आधुनिकीकरण र बजारीकरण) | जना | २० | १,००,००० | २०,००,००० |
| २. | रु १ लाख ५० हजार सम्मको आयोजना २० जना (माछा, मासु, दूग्घ जन्य उत्पादन तथा वजारिकरण सम्वन्धि) | जना | २० | १,५०,००० | ३०,००,००० |
| ३. | रु २ लाख ५० हजार सम्मको आयोजना १० जना - गार्मेन्ट उत्पादन, तथा कम्तीमा ३ जना थप वेरोजगारलाई रोजगारी प्रदान गर्ने आयोजना) | जना | १० | २,५०,००० | २५,००,००० |
| | कुल जम्मा रकम रु. | | | | ७५,००,००० |

माथि उल्लिखित तालिका अनुसारका उद्यम व्यवसाय आ.व. २०८२।०८३ को हकमा लागु हुनेछ । स्टार्टअप कर्जा प्रवाहका विस्तृत क्षेत्र तपसिल वमोजिम हुनेछ। यस कार्यक्रमका लागि आगामी दिनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासंग लागत साझेदारीमा संचालन गरिने स्टार्टअप उद्यम कार्यक्रम सम्झौता वमोजिम कार्यान्वयन गरिनेछ ।

तपसिल

व्यवसायीक तरकारी खेती, फलफुल खेति, वेसार उत्पादन/प्रशोधन, अदुवा उत्पादन/प्रशोधन सम्वन्धि व्यवसाय, व्यवसायीक माछामासु उत्पादन, दुग्ध उत्पादन तथा वजारीकरण, दुग्ध चिस्यान केन्द, डेरी प्रोडक्ट, गार्मेन्ट उत्पादन, विद्यार्थीको पोषाक तयारी गर्ने व्यवसाय, कपडाको झोला तयारी गर्ने उद्योग, व्यवसाय, कपडा सिलाइ गर्ने टेलर्स, सिरक, डसना तयारी गर्ने व्यवसाय, गलैंचा तयारी गर्ने व्यवसाय, व्यवसायीक रुपमा पराल वा अन्य स्थानीय कच्चा पदार्थमा आधारित सुकुल (पटिया) चकटी, कुसन जस्ता सामग्री उत्पादन गर्ने व्यवसाय ।

वेरोजगार र रोजगारदाता विच पुलको काम गर्ने व्यवसाय, अनलाइन प्रविधिवाट रोजगारी सृजना गर्ने व्यवसाय, खाद्य उद्योग, विद्यार्थी खाजा कार्यक्रमलाई लक्षित गरी संचालन गरिने व्यवसाय, फोहर संकलन तथा प्रशोधन सम्वन्धि व्यवसाय, प्लास्टिकजन्य पदार्थको वैकल्पिक उपाय दिन सक्ने व्यवसाय, हरित नगर कार्यक्रमलाई सहयोग हुने व्यवसाय, काठवाट तयारी हुने फर्निचर सम्वन्धि व्यवसाय, इत्यादी

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

## ११. उद्यम व्यवसाय छनौट सम्बन्धि आधारहरु:

दफा ९ मा उल्लिखित समितिले कर्जा प्रवाहका लागि उद्यम व्यवसाय छनौट गर्न देहायका सूचकहरुको आधारमा मूल्यांकन गर्नुपर्ने छ ।

| क.सं | कार्यक्रम तथा व्यवसाय छनौटका आधार सूचक | पूर्णाङ्क |
|---|---|---|
| १. | **व्यवसाय दर्ता:** महिलाको नाउँमा भए २० अंक, पूरुषको नाममा भए १० अंक | २० |
| २. | **व्यवसायीको लैंगिकता:** दलित १० अंक, अपाङ्ग ५ अंक, तेस्रोलिङ्गी ५ अंक, | २० |
| ३. | **गरिबी:** गरिव घरधुरी पहिचान पत्रको नामावली सूचीमा (अति गरीव २० अंक, मध्यम गरिव १५ अंक, सामान्य गरिव १० अंक, नामावली सूचीमा नभएको हकमा ५ अंक) | २० |
| ४. | वैदेशिक रोजगारीबाट फर्कि नेपालमा व्यवसाय दर्ता गरी काम गरिरहेको ठहर भएमा २० अंक | २० |
| ५. | नवीनतम प्रविधिको प्रयोग गर्ने किसिमको आयोजना भएको र नवप्रवर्तनात्मक आयोजना प्रस्ताव पेश भएको हकमा ५ देखि २० अंक सम्म | २० |
| | कुल पूर्णक | १०० |

## १२. सहकारी संस्थाको काम, कर्तब्य, अधिकार तथा सेवा सुविधा ।

(क) दफा ७ बमोजिमको उद्यम व्यवसाय गर्न कर्जाका लागि सिफारिस भइ आएका उद्यमीहरुलाई तोकिएको मापदण्ड बमोजिम वार्षिक ३ प्रतिशत सहुलियत ब्याजदरमा विना धितो बढिमा २.५ वर्ष सम्मका लागि स्टार्टअप कर्जा उपलब्ध गराउँने ।

(ख) कर्जाको मूलधन र ब्याज नियमित संकलन गर्ने ।

(ग) उद्यम व्यवसायको विमा गराउने ।

(घ) उद्यम व्यवसायको नियमित अनुगमन निरिक्षण गर्ने ।

(ङ) सेवाग्रहीबाट प्राप्त हुने वार्षिक ३ प्रतिशत ब्याजको रकम सहकारी संस्थाको निर्णय अनुसार स्टार्टअप कर्जा लगानी तथा असुली गर्ने कार्य व्यवस्थापन गर्न खर्च गर्ने ।

(च) उद्यमीहरुलाई स्टार्टअप कर्जा प्रवाह गरेको २.५ वर्ष पुरा भएको १ महिना भित्र मुलधन र ब्याज वापतको रकम सहकारी संस्थाले असूल उपर गरि नयाँ उद्यमी छनौटको प्रक्रिया अगाडि बढाउनुपर्ने छ । छनौट प्रक्रिया बढिमा ४५ दिन भित्र पुरा गरी नयाँ उद्यमी छनौट गरी कर्जा प्रवाह गर्नुपर्नेछ । दोस्रो पटक कर्जा प्रवाह गरेका लाभग्राहीका हकमा बढिमा २.५ वर्षका लालि कर्जा उपलब्ध गराई २.५ वर्ष पुरा भएको १ महिना भित्र सम्पूर्ण रकम असुल उपर गरी बरहथवा नगरपालिकाको बैंक खातामा दाखिला गरी यस कार्यविधिको दफा ६ मा उल्लेखित स्टार्टप उद्यम छनौट तथा कर्जा सिफारिस गर्न गठित समितिको निर्णयानूसार छनौटमा परेका नयाँ उद्यमीहरुलाई सहुलियत कर्जा प्रवाह गर्ने कार्य अगाडि बढाउने ।

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

**१३. बरहथवा नगरपालिकाको काम, कर्तब्य र जिम्मेवारी ।**

(क) दफा ७ मा उल्लेखित उद्यम ब्यवसायका लागि कर्जा प्रवाह गर्न छनौटमा परेका सहकारी संस्थालाई पहिलो चरणमा आवश्यक रकम रु. ७५,००,०००/- (अक्षरेपी पचहत्तर लाख) उपलब्ध गराउने ।

(ख) स्टार्टटप कर्जा प्राप्त गर्ने उद्यमीहरुलाई आवस्यक उद्यमशिलता तथा सीप विकास, तालिम कार्यकमको व्यवस्थापनं गर्ने ।

(ख) स्टार्टअप कर्जा प्राप्त गर्ने उद्यमीहरुलाई उपयुक्त प्रविधिमा पहुँच अभिवृद्धि गराउँने ।

(ग) नेपाल सरकारको गरीबी निवारणका लागि उद्यम विकास कार्यक्रम लगायत अन्य कार्यक्रमहरु संग लाभग्राहीलाई जोड्ने ।

(घ) यस कार्यक्रमलाई थप प्रभाकारी बनाउन राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरु संग समन्वय, सहकार्य र साझेदारी गर्ने ।

(ङ) कार्यकमको अनुगमन तथा फिल्ड स्तरमा प्राविधिक सहयोग गर्ने ।

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

अनुसूची-१

बरहथवा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बरहथवा, सर्लाही
मधेश प्रदेश, नेपाल

**बरहथवा नगरपालिकाको उद्यमशिलता विकास कार्यक्रम अन्तर्गत स्टार्टप कर्जा प्रवाह, असूली तथा व्यवस्थापन गर्ने सहकारी संस्था छनौटका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**प्रकाशित मितिः ......................**

नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट सङ्घीय विशेष अनुदान अन्तर्गत आ.व. २०८२/०८३ का लागि वरहथवा नगरपालिकामा संचालन हुने गरीव तथा सीमान्तकृत समुदायका लागि उद्यम विकास कार्यक्रम अन्तर्गत स्टार्टप कर्जा प्रवाह, असूली तथा व्यवस्थापन गर्न सहकारी संस्था छनौट गर्नुपर्ने भएकोले वरहथवा नगरपालिकाको उद्यमशिलता विकास कार्यक्रम संचालन एवं व्यवस्थापन सम्वन्धि कार्यविधि, २०८२ को दफा ४ वमोजिमको योग्यता भएका स्थानीय सहकारी संस्थाहरुबाट ३० दिन भित्र प्रस्ताव आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेश गर्दा वरहथवा नगरपालिकाको उद्यमशिलता विकास कार्यक्रम संचालन एवं व्यवस्थापन सम्वन्धि कार्यविधि, २०८२ को अनुसूची-२ वमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ। सोहि कार्यविधिको दफा ८ मा उल्लिखित कागजात प्रमाणहरु सहकारी संस्थाले प्रस्ताव साथ संलग्न गर्नुपर्ने छ।

ऋद्धि प्रकाश सिटौला
प्रमुख प्रशासकीय अधिकृत

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

अनुसूची-२

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

सहकारी संस्थाले पेश गर्ने प्रस्तावको ढाँचा

| क्र.सं. | विषयवस्तु | विस्तृत विवरण |
|---|---|---|
| १. | प्रस्ताव पेश गर्ने सहकारी संस्थाको नामः | सहकारी संस्थाको नाम ........................................ |
| २. | सहकारी संस्थाको ठेगानाः | जिल्ला :-<br>नगरपालिकाः-<br>वडा नं. :-<br>सम्पर्क व्यक्ति :-<br>सम्पर्क नं. :-<br>इमेल ठेगानाः :- |
| ३. | सहकारी संस्था दर्ता भएको मिति, दर्ता नं., दर्ता भएको कार्यालय | दर्ता मितिः .................................<br>दर्ता नं. .....................................<br>दर्ता भएको कार्यालयः ........................................ |
| ४. | सहकारी संस्थाको स्थायी लेखा (प्यान) नं. र करचुक्ता भएको मितिः, करचुक्ता रकम | स्थायी लेखा (प्यान) नं.: .......................................<br>करचुक्ता भएको मितिः.......................................<br>करचुक्ता रकमः ................................................ |
| ५. | सहकारी संस्थाको बैंक खाता सम्बन्धि विवरण | खाता संचालन भएको बैंकको नामः ..................<br>खाता संचालन भएको बैंकको शाखाः ...................<br>बैंक खाता नं. :......................................<br>बैंकमा मौज्दात रहेको रकम रु. ............... |
| ६. | सहकारी संस्थाको कार्यक्षेत्र वडा संख्या र वडा नं. | वडा संख्याः .....................<br>वडा नं.<br>.............................................................. |
| ७. | सहकारी संस्थाका सदस्य संख्या | महिला संख्याः<br>पूरुष संख्याः<br>जम्मा संख्याः |
| ८. | साना उद्यमी, किसान वा व्यवसायीलाइ विना धितो कर्जा लगानी, नियमित असुल उपर गरेको विवरण | प्रस्तावनाको तालिका १ वमोजिमको ढाँचामा विवरण प्रविष्टि गरी सहकारी संस्थाको व्यवस्थापक र अध्यक्षवाट प्रमाणित भएको । |
| ९. | सहकारी संस्थामा कार्यरत कर्मचारीको विवरण | नामः<br>ठेगानाः<br>शैक्षिक योग्यताः<br>नियुक्त भएको मितिः<br>मासिक तलवः<br>तलवको करकट्टी सम्वन्धि विवरणः<br>विशेषज्ञताः |

नगर प्रमुख



Scanned with CamScanner

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

| | | |
|---|---|---|
| | | नामः<br>ठेगानाः<br>शैक्षिक योग्यताः<br>नियुक्त भएको मितिः<br>मासिक तलबः<br>तलबको करकट्टी सम्वन्धि विवरणः<br>विशेषज्ञताः |
| १० | सहकारी संस्थाको चल वा अचल सम्पत्तीको विवरण | सम्पत्तीको मूल्यांकन गर्ने निकायको नामः<br>सम्पत्तीको मूल्यांकन गर्ने निकायको शाखा, ठेगानाः<br>सम्पत्तीको मूल्यांकन रकम रु.<br>सम्पत्तीको मूल्यांकन प्रमाणित भएको मितिः |
| ११ | सहकारी संस्थाको लेखा परीक्षण सम्वन्धि विवरण | क्र.सं. / आर्थिक वर्ष / कारोबार रकम<br>१. / २०८०/०८१ /<br>२. / २०८१/०८२ /<br>३. / २०८२/०८३ / |
| १२ | प्रस्ताव पेश गर्ने सम्वन्धमा सहकारी संस्थाको निर्णय सम्वन्धि विवरण | निर्णय मितिः<br>वैठकमा उपस्थित पदाधिकारी संख्याः<br>निर्णयमा हस्ताक्षर गर्ने पदाधिकारी संख्या |
| १३ | प्रस्ताव साथ संलग्न धरौटी **BID BOND** (वैंक ग्यारेन्टी) सम्वन्धि विवरण | **BID BOND** (वैंक ग्यारेन्टी) कायम गर्ने वैंकको नाम<br>**BID BOND** (वैंक ग्यारेन्टी) रकम रु.<br>**BID BOND** (वैंक ग्यारेन्टी) को अवधि |
| १४ | प्रस्ताव साथ संलग्न कागजात प्रमाणहरुको विवरण | (क) सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पाना संख्याः ..........<br>(ख) सहकारी संस्थाको नवीकरण भएको प्रमाण पाना संख्याः ..........<br><br>(ग) सहकारी संस्थाको विधान वा विनियम (कार्यक्षेत्र देखिने प्रमाण) पाना संख्याः ..........<br><br>(घ) सहकारी संस्थाको स्थायी लेखा नम्वर (प्यान) दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पाना संख्याः ..........<br><br>(ङ) आ.व. २०८२/०८३ मा जारी भएको करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पाना संख्याः ..........<br><br>(च) सहकारी संस्थाको कार्यक्षेत्र भएको वडाहरुको विवरण खुल्ने प्रमाण वा स्वघोषणा पत्र पाना संख्याः .......... ।<br>(छ) उद्यम विकास कार्यक्रमको उद्धेस्य संग मेल खाने साना उद्यमी, किसान वा व्यवसायीलाइ सुलभ ब्याजदरमा विना धितो कर्जा लगानी गरेको र नियमित असुल उपर गरेको |



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

कल्पना कुमारी कदुवाल

| | | |
|---|---|---|
| | | विवरण सहितको प्रमाण वा स्वघोषणा पत्र पाना संख्या: ..........<br><br>(ज) सहकारी संस्थामा कार्यरत कम्तीमा २ जना कर्मचारीहरुको मिति २०८२ साल श्रावन १ गते देखि पुस मसान्त सम्म ६ महिनाको हाजिरी प्रमाणित, तलबी भर्पाइ, कर चुक्ताको प्रमाण (इटिडियस) तलब देखिने बैंक स्टेटमेन्टको पाना संख्या: ..........<br><br>(झ) सहकारी संस्थाको चल वा अचल सम्पत्ती कम्तीमा १ करोड वा सो भन्दा बढि भएको प्रमाणको प्रमाणित प्रतिलिपी पाना संख्या: ..........<br><br>(ञ) सहकारी संस्थाको विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी पाना संख्या: ..........<br><br>(त) प्रस्ताव पेश गर्ने सम्वन्धमा सहकारी संस्थाको निर्णयको प्रमाणित प्रतिलिपी पाना संख्या: ..........<br><br>(थ) वरहथवा नगरपालिकाको नाममा रु. ७५,००,०००/- (अक्षरेपी पचहत्तर लाख) को ३ प्रतिशतले हुने रकम रु. २,२५,०००/- (अक्षरेपी दुईलाख पच्चीस हजार मात्र) को ९० दिन अवधि भएको बैंक ग्यारेन्टीको सक्कल प्रति पाना संख्या: .......... |

**सहकारी संस्थाको आधिकारिक छाप:**

| .................... | .................... | .................... |
|---|---|---|
| **तयार पार्ने** | **रुजू गर्ने** | **प्रमाणित गर्ने** |
| **व्यवस्थापक** | **सचिव** | **अध्यक्ष** |

कल्पना कुमारी कदुवाल
नगर प्रमुख



Scanned with CamScanner

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

*सहकारी संस्थाको नाम:*
*सहकारी संस्थाको ठेगाना:*

**साना उद्यमी, किसान वा व्यवसायीलाइ विना धितो कर्जा लगानी, नियमित असुल उपर गरेको विवरण**

| क्र.सं. | ऋणीको नाम | ठेगाना | ऋण लिएको मिति | ऋण लिएको रकम | नियमित रकम दाखिला भएको वा नभएको | |
|---|---|---|---|---|---|---|
| | | | | | भएको | नभएका |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |
| १३. | | | | | | |
| १४. | | | | | | |
| १५. | | | | | | |
| १६. | | | | | | |
| १७. | | | | | | |
| १८. | | | | | | |
| १९. | | | | | | |
| २०. | | | | | | |
| २१. | | | | | | |
| २२. | | | | | | |
| २३. | | | | | | |
| २४. | | | | | | |
| २५. | | | | | | |
| २६. | | | | | | |
| २७. | | | | | | |

*आवस्यकता अनुसार महल थप घट गर्न सकिने छ ।*

| ................... | ................... | ................... |
|---|---|---|
| तयार पार्ने | रुजु गर्ने | प्रमाणित गर्ने |
| व्यवस्थापक | सचिव | अध्यक्ष |

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

अनुसूची-३

(स्टार्टअप कर्जा प्रवाह गर्न उद्यमीहरुले पेश गर्ने प्रस्तावको ढाँचा)

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश, नेपाल

उद्यम विकास कार्यक्रम (संघीय विशेष अनुदान)

| क्र.सं. | विषयवस्तु | विस्तृत विवरण |
|---|---|---|
| १. | प्रस्तावक उद्यमीको नाम, थर | उद्यमीको नाम, थर ............................................................ |
| | प्रस्तावक उद्यमीको स्थायी ठेगाना, सम्पर्क नं. | जिल्ला ................,<br>साविकको गा.वि.स............................ वडा नं. ..........<br>हालको नगरपालिका............................वडा नं. .........<br>सम्पर्क मोवाइल नं. ................................ |
| | व्यवसाय सम्वन्धि विवरण | व्यवसायको नाम: ....................................................<br>व्यवसाय दर्ता भएको निकाय: ..........................................<br>व्यवसाय दर्ता नं. ....................................................<br>व्यवसाय दर्ता भएको मितिः ...........................................<br>व्यवसायको स्थायी लेखा (प्यान नं.) ................................ |
| | व्यवसायको आय व्यय विवरण | विगत ३ आ.व.मा व्यवसायको आय व्यय विवरण<br><table><tr><th>क्र.सं.</th><th>आर्थिक वर्ष</th><th>कारोबार रकम</th></tr><tr><td>१.</td><td>२०८०/०८१</td><td></td></tr><tr><td>२.</td><td>२०८१/०८२</td><td></td></tr><tr><td>३.</td><td>२०८२/०८३</td><td></td></tr></table> |
| | प्रस्तावक उद्यमीको नागरिकता सम्वन्धि विवरण | नगरिकता प्रमाण पत्र नं. ......................................<br>नगरिकताको प्रकार: ..........................................<br>नागरिकता जारि भएको जिल्ला:...................................<br>नागरिकता जारि भएको मितिः.................................. |
| | वैदेशिक रोजगारी सम्वन्धि विवरण | वैदेशिक रोजगारीमा गएको देशको नाम: ...........................<br>कम्पनीको नाम: ..................................................<br>वैदेशिक रोजगारीमा काम गरेको अवधि:<br>वर्ष:...............महिना...............दिन...............<br>राहदानी (पासपोर्ट) नं. ........................................<br>वैदेशिक रोजगारीवाट फर्केको मितिः ................................ |
| | सीप, पुंजी तथा कर्जा माँग सम्वन्धि विवरण: | व्यवसायी संग भएको सीप: ...........................<br>हाल गरिरहेको व्यवसाय: ..............................<br>लगानी गरेको रकम रु. ................................ |



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

| | | |
|---|---|---|
| | स्टार्टअप उद्यमका लागि कर्जा माँग गरिएको क्षेत्र क, ख, र ग मध्ये कुनै एक मात्रमा ठिकको चिन्ह लगाउनुहोस । | (क) तरकारी तथा फलफल उत्पादन गर्ने व्यवसाय<br><br>(ख) माछा,मासु, दुग्ध उत्पादन वा डेरी प्रोडक्ट उत्पादन तथा बजारीकरण गर्ने व्यवसाय<br><br>(ग) गार्मेन्ट उत्पादन, विद्यार्थीको पोषाक तयारी गर्ने व्यवसाय, कपडाको झोला तयारी गर्ने उद्योग, व्यवसाय, कपडा सिलाइ गर्ने टेलर्स, सिरक, तोसक तयारी गर्ने व्यवसाय, गलैंचा तयारी गर्ने व्यवसाय, व्यवसायीक रुपमा पराल वा अन्य स्थानीय कच्चा पदार्थमा आधारित सुकुल (पटिया) चकटी, कुसन जस्ता सामाग्री उत्पादन गर्ने व्यवसाय । |
| | स्टार्टअप उद्यमका लागि कर्जा माँग गरिएको रकम रु. | कर्जा माँग गरिएको रकम रु. :.....................अक्षरेपी रकम रु. ............................. |
| | माँग गरिएको कर्जा के कामका लागि किन आवश्यक छ ? | ...........................................................................<br>...........................................................................<br>...........................................................................<br>...........................................................................<br>........................................................................... |
| | उद्यम व्यवसायको संक्षिप्त विवरण:<br><br>उद्यम, व्यवसाय संचालन गरेको मिति, स्थान, व्यवसायबाट भएको नाफा वा नोक्सान, व्यवसायबाट भएको सिकाइ, हाल व्यवसाय संचालनको अवस्था, व्यवसाय थप प्रभावकारी बनाउने उपाय, ऋण माँग गर्नुपर्ने आवश्यकता, प्राप्त हुने ऋण लगानी गर्ने क्षेत्र, (५०० शब्द नबढने गरी वास्तविक अवस्थाको आधारमा उल्लेख गर्ने) | ...........................................................................<br>...........................................................................<br>...........................................................................<br>...........................................................................<br>...........................................................................<br>...........................................................................<br>...........................................................................<br>...........................................................................<br>...........................................................................<br>........................................................................... |
| | व्यवसायमा नयाँ प्रविधिको प्रयोग सम्वन्धि विवरण<br>(हालको भन्दा फरक के कस्ता प्रविधिको उपयोग गरिने छ ? जसले व्यवसायमा नयाँ परिवर्तन देखिनेछ । ) | १.........................................................................<br>...........................................................................<br>२.........................................................................<br>........................................................................... |

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner

<table>
<tr><td></td><td>ऋण लगानी पश्चात् व्यवसायमा प्रत्यक्ष देखिने उपलब्धी सम्वन्धि विवरण</td><td>१.........................................................................<br>.........................................................................<br>२.........................................................................<br>.........................................................................</td></tr>
<tr><td></td><td>व्यवसायको जोखिम र जोखिम व्यवस्थापन सम्वन्धि विवरण</td><td><table><tr><th>क्र.सं.</th><th>सम्भावित जोखिम</th><th>जोखिम व्यवस्थापनका उपाय</th></tr><tr><td>१.</td><td></td><td></td></tr><tr><td>२.</td><td></td><td></td></tr><tr><td>३.</td><td></td><td></td></tr><tr><td>४.</td><td></td><td></td></tr><tr><td>५.</td><td></td><td></td></tr></table></td></tr>
<tr><td></td><td>प्रस्ताव साथ संलग्न कागजात प्रमाणहरु</td><td>(क) नागरिकता प्रमाण पत्रको प्रतिलिपी,<br>(ख) वसाइ सराई भइ वरहथवा नगरपालिकाको नागरिक भएकोहकमा वसाइ सराइको प्रमाण पत्रको प्रतिलिपी,<br>(ग) उद्योग वा व्यवयाय दर्ता प्रमाण पत्रको प्रतिलिपी,<br>(घ) उद्योग वा व्यवयायको स्थायी लेखा नं. (प्यान) दर्ता प्रमाण पत्रको प्रतिलिपी,<br>(ङ) उद्योग वा व्यवसायको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी<br><br>(च) वैदेशिक रोजगारीवाट फर्केको प्रमाण, श्रम स्वीकृत, राहदानी पासपोर्ट),<br>(छ) दलित प्रमाणित सम्वन्धि प्रमाण<br>(ज) गरिव घरधुरी पहिचान परिचय पत्रको प्रतिलिपी वा नामावली सूचीको प्रमाणित प्रतिलिपी<br>(झ) व्यवसायमा आधुनिक प्रविधि जडान गर्ने प्रतिवद्धताको स्वघोषणा पत्र<br>(ञ) ऋण प्राप्त भएमा नियमित साँवा र व्याज चुक्ता गर्ने प्रतिवद्धता सहितको स्वघोषणा पत्र</td></tr>
</table>

प्रस्ताव पेश गर्नेको हस्ताक्षरः ............................

<table>
<tr><th colspan="2">प्रस्तावक उद्यमीको औंठा छाप</th><th>व्यवसायको छाप</th></tr>
<tr><td>दायाँ</td><td>वाँया</td><td></td></tr>
</table>

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner